महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल

Website: www.mahabumun.gov.np

Email: mahabugaupalika74@gmail.com


प.स. - २०८२/०८३

च.नः-

मिति: २०८२/०९/०६

**घुम्ती शिविरमा छुट भएका योजना सम्झौता सम्बन्धी सुचना ।**

महाबु गाउँपालिकाको मिति २०८२/०८/२५ गतेको निर्णय बमोजिम आ.व. ०८२/०८३ को योजना कार्यान्वयनका लागि "**विकासमा टेवाः घरदैलोमा सेवा**" भन्ने मुल नाराका साथ वडा स्तरमा गई योजना सम्झौता, बैंक खाता संचालन सम्बन्धी घुम्ती शिविर संचालन भई रहेको ब्यहोरा अवगत गराउदै वडा स्तरमा विविध कारणले सम्झौता हुन छुट भएका योजनाहरु मिति २०८२ **पुष ८ गते मंगलबार महाबु गाउँपालिकाको कार्यालय गैडाबाजमा सम्झौता** हुने भएको हुँदा योजना सम्झौता हुन बाँकि उपभोक्ता समितिका पदाधिकारीहरू तपसिलमा उल्लेखित आवश्यक कागजात सहित उपस्थित भई सेवा लिनहुन यो सूचना प्रकाशित गरिएको छ । साथै तोकिएको मिति भन्दा पछि सम्झौता नहुने र सो को जिम्मेवार सम्बन्धीत उपभोक्ता समिति नै हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

<u>तपसिल</u>

<u>आवश्यक कागजातहरू,</u>

१. उपभोक्ता भेलाको निर्णय प्रतिलिपी,
२. वडा कार्यालयको सिफारिस,
३. उपभोक्ता समितिका पदाधिकारीको नागरिकता प्रतिलिपी र राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,
४. गाउँपालिकामा तिर्नुपर्ने मालपोत तिरेको रसिदको प्रतिलिपी,
५. योजनाको प्राविधिक लागत स्टिमेट,
६. सम्झौता गर्दा अध्यक्ष, सचिव र कोषाध्यक्षको २/२ प्रती पासपोर्ट साईजको फोटा सहित अनिवार्य उपस्थिती,
७. विनियोजित योजनाको सिलिङ्ग प्रतिलिपी,
८. उपभोक्ता समितिको छाप,
९. सम्झौता किताव ।